# निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७४

निक्षेप तथा कर्जा सुरक्षण कोषको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि यो कार्यविधि बनाइएको छ ।

**१. दरखास्त आव्हान :**

निक्षेप तथा कर्जा सुरक्षण कोषको रिक्त प्रमुख कार्यकारी अधिकृत पदपूर्तिका लागि १५ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा दुई पटक अनुसूची-१ बमोजिमको सूचना प्रकाशित गरिने छ ।

**२. योग्यता तथा अनुभव:**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन, वाणिज्य कानून, लेखा, बैकिङ्ग वा बीमा विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हाँसिल गरी वा चार्टर्ड एकाउण्टेण्ट उपाधी हासिल गरी आर्थिक, बैकिङ्ग, बीमा वा वित्तीय क्षेत्रमा कम्तीमा अधिकृत द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा पाँच वर्ष भन्दा बढीको कार्य अनुभव भएको ।

ख) तीस वर्ष पुरा भई साठी वर्ष उमेर ननाघेको ।

**३. दरखास्तसाथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नु पर्ने कागजात तथा विवरणहरू:**

क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ ।

ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालीम तथा अनुभवको प्रतिलिपिहरू स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गरी चार प्रति पेश गर्नु पर्नेछ ।

घ) प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालीम, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्तसाथ पेश गरेका अन्य कागजातहरूको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

**४. दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ :**

क) कुनै राजनीतिक दलको सदस्य नभएको ।

ख) निक्षेप तथा कर्जा सुरक्षण कोषसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोवारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कोषसँग निजी स्वार्थ नभएको ।

ग) आफ्नो नाममा व्यक्तिगत बेरुजू बाँकी नरहेको ।

घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको ।

ङ) टाट नपल्टेको वा बेईमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको ।

च) नियतवस बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालो सूचीमा नपरेको ।

छ) विदेशी मुलुकको स्थायी वसोवासको अनुमति प्राप्त नगरेको ।

**५. प्रमुख कार्यकारी अधिकृतका लागि तोकिएको काम, कर्तव्य र अधिकार :**

प्रमुख कार्यकारी अधिकृतको लागि निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ५१ बमोजिम तोकिएका काम, कर्तव्य र अधिकार हुनेछन् ।

६. **व्यावसायिक कार्ययोजना पेश गर्नु पर्ने :**

१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गर्दा प्रमुख कार्यकारी अधिकृतका लागि तोकिएबमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरू समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछ ।

क) निक्षेप तथा कर्जा सुरक्षण कोषको बारेमा जानकारी उल्लेख भएको विवरण (Understanding the DCGF)

ख) कोषको विद्यमान अवस्थाको पहिचान र विश्लेषण (Identification and Analysis of Current Status of Fund)

ग) कोषको सवल पक्ष, दुर्वल पक्ष एवं अवसर र चुनौतीहरूको विश्लेषण (SWOT Analysis)

घ) रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण (Major Areas of Strategic Reform)

ङ) उत्पादकत्व अभिवृद्धि (Productivity Enhancement), व्यवसाय विस्तार र क्षमता अभिवृद्धि (Business Expansions and Capacity Development), संस्थागत सुधार एवं सुशासन ( Corporate Reform and Good Governance), मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, प्रशासकीय शिरोभार खर्च घटाउनका लागि विशेष व्यवस्था (Austerity Measures), श्रोत परिचालन र नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका कार्यक्रमहरुको सञ्चालन समेत समावेश भएको समय-सारिणी सहितको व्यावसयिक कार्ययोजना (Business Action Plan)

२) तयार पारिएको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा छनौट सूची (Short List) मा परेका उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नु पर्नेछ । प्रस्तुतीकरणका लागि आधा घण्टा (३० मिनेट) समय प्रदान गरिनेछ ।

७. **उम्मेदवारको मूल्यांङ्कन सम्बन्धी अङ्क भार :**

- उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्क भार तपसिलबमोजिम कायम हुनेछ ।

| | | |
|---|---|---|
| १) शैक्षिक योग्यता, अनुभव र तालिम | – | ५० अङ्क |
| २) व्यावसायिक कार्ययोजना | – | ५० अङ्क |
| ३) प्रस्तुतीकरण | – | ३० अङ्क |
| ४) अन्तर्वार्ता | – | २० अङ्क |
| **पूर्णाङ्क** | **–** | **१५० अङ्क** |

- **उम्मेदवारको शैक्षिक योग्यता तथा तालिम - २५**

| **(क) शैक्षिक योग्यता** - २० | **अङ्क बाँडफाड** |
|---|---|
| **स्नातकोत्तर** | |
| प्रथम श्रेणी | १८ |
| द्वितीय श्रेणी | १७ |
| तृतीय श्रेणी | १६ |
| **विद्यावारिधी (थप)** | **२** |
| **(ख) तालिम** (बैंक तथा वित्तीय क्षेत्र र कोष प्रशासनसँग सम्बन्धित ३० कार्य दिनभन्दा बढीको) **- ५** | |
| प्रथम श्रेणी | ५ |
| द्वितीय श्रेणी | ४ |
| तृतीय श्रेणी | ३ |
| (श्रेणी नखुलेको हकमा द्वितीय श्रेणी सरहको अङ्क प्रदान गरिनेछ ।) | |

| (ग) सम्बन्धित क्षेत्रको कार्य अनुभव - २५ | |
|---|---|
| ५-१० वर्ष<br>१०-१५ वर्ष<br>१५ वर्षभन्दा माथि | २०<br>२३<br>२५ |

- **व्यावसायिक कार्ययोजना मूल्याङ्कनको आधार - ५०**

  क) स्पष्ट धारणा - ५

  ख) सही सूचना - ५

  ग) विश्लेषण तथा तार्किकता - १५

  घ) सृजनशिलता - ५

  ङ) समस्याको पहिचान र सुधारको लागि सुझाव - १५

  च) लेखन शैली - ५

- **व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार - ३०**

  क) स्पष्ट धारणा - ५

  ख) आत्मविश्वास - ५

  ग) क्रिया प्रतिक्रियामा दक्षता (अन्तरक्रिया) - ५

  घ) प्रस्तुतीकरण - १०

  ङ) समयको व्यवस्थापन - ५

- **अन्तर्वार्तामा मूल्याङ्कनको आधार - २०**

  क) व्यक्तित्व - ३

  ख) विषय वस्तुको ज्ञान - ७

  ग) सृजनशील क्षमता - ५

  घ) उठाईएका विषय सम्बोधन गर्ने क्षमता - ५

८. **छनौटका आधार एवं प्रक्रिया:**

मूल्याङ्कन अङ्क तालिका (छनौटको आधार) दफा ७ मा उल्लेख भएअनुसार हुनेछ । यसका लागि निम्नबमोजिमको प्रक्रिया अपनाइनेछ ।

१) उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको व्यावसायिक कार्ययोजनाको परीक्षणबाट प्राप्त अंङ्को प्राथमिकताको आधारमा उम्मेदवारहरू मध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारलाई छनौट गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

२) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरू मध्ये शैक्षिक योग्यता, तालिम, अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्यांकन, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको अङ्को आधारमा उच्चतम अङ्क प्राप्त गर्ने सम्भव भएसम्म तीनजनालाई प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि नेपाल सरकार समक्ष वर्णानुक्रमानुसार सिफारिस गरिनेछ ।

३) तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरूलाई यथावत राखी थप आवेदनको लागि ७ दिनको म्याद दिई पुन: दरखास्त आव्हान गरिनेछ ।

४) पुन: दरखास्त आव्हान गर्दा उम्मेदवारको आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडि बढाउन सकिनेछ ।

९. **व्यावसायिक कार्ययोजना (Business Action Plan) प्रस्तुतीकरण एवं अन्तर्वार्ता परीक्षणसम्बन्धी अन्य व्यवस्था :**

१) व्यावसायिक कार्ययोजनाको परीक्षण छनौट तथा सिफारिस समितिले गर्नेछ । समितिले आवश्यकतानुसार विज्ञहरूलाई आमन्त्रित गरी सहयोग लिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त अङ्कको आधारमा औषत (Average) अङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्क (Final Marks) गणना गरिनेछ ।